**अवधारणा {AWADHARANA}**
{A Peer-Reviewed Multidisciplinary, Open Access & NepJOL Indexed Journal}
Volume 9, 2025 {Print ISSN: 2505-080x}
Email: loktantrik066@gmail.com
URL: https://nepjol.info/index.php/awadharana
Copyrights: *Copyright 2025 Author/s and Creative Democrat Academy, Pokhara, Nepal. This work is licensed under a Creative Commons Attribution- Non Commercial* 4.0 International License
***Publisher***
*Creative Democrat Academy*

# नियतिवादी मान्यताका आधारमा *योजनगन्धा* उपन्यासको अध्ययन

**प्रमोद पंज्ञानी {Pramod Pangyani}**
त्रिभुवन आदर्श बहुमुखी क्याम्पस, स्याङ्जा
{Tribhuwan Adarsha Multiple Campus, Syangja}

**Article History:**
Received 11 July 2025, Reviewed 19 August 2025, Accepted 21 October 2025

**Corresponding Author:**
Pramod Pangyani, Email : pangyanipramod869@gmail.com
ORCID ID : https://orcid.org/0009-0005-7836-5100
DOI : https://doi.org/10.3126/awadharana.v9i1.86190

**सार**

प्रस्तुत लेख नियतिवादी मान्यताका आधारमा योजनगन्धा उपन्यासको अध्ययनमा केन्द्रित रहेर तयार पारिएको छ । योजनगन्धा उपन्यासमा नियतिवादी मान्यताहरूको प्रयोग प्रभाव के कस्तो रहेको छ भन्ने प्राज्ञिक जिज्ञासाको समाधान गर्ने उद्देश्य यस अध्ययनमा राखिएको छ । यसमा गुणात्मक अनुसन्धान पद्धतिको उपयोग गरिएको छ । अध्ययनका क्रममा आवश्यक प्राथमिक र द्वितीयक स्रोतका सामग्रीहरू पुस्तकालयबाट सङ्कलन गरिएको छ । नियतिवाद र यसका प्रमुख मान्यतालाई यस अध्ययनको सैद्धान्तिक आधार बनाइएको छ । नियतिवादी मान्यताका आडमा पाठको व्याख्यावादी अध्ययन पद्धति अवलम्बन गरिएको छ । योजनगन्धा उपन्यासमा नियतिवादी मान्यताहरूको प्रयोग प्रभाव सघन र अर्थपूर्ण रूपमा देखिएको छ भन्ने निष्कर्ष यस अध्ययनको रहेको छ ।

**शब्दकुञ्जी :** कर्म, नियति, नियतिवाद, प्रारब्ध, भाग्य

## विषयपरिचय

विनोदप्रसाद धिताल (१९८०-२०६५) नेपाली साहित्य सिर्जना र अनुवाद क्षेत्रमा परिचित नाम हो । साहित्यका विभिन्न विधामा कलम चलाएका धितालले उपन्यास सिर्जनामा खास दखल राखेको पाइन्छ । धितालका *उज्यालो हुनुअघि* (२०२८) र *योजनगन्धा* (२०५२) जस्ता बृहत् आयामका औपन्यासिक कृति प्रकाशित छन् । उज्यालो हुनुअघि सामाजिक उपनयास हो भने *योजनगन्धा*

पौराणिक उपन्यासका रूपमा रहेको छ । यो उपन्यास केही मात्रामा हरिवंश पुराण र श्रीमद् देवीभागवत् महापुराणको कथामा आधारित भएपनि यसको मूल वस्तु महाभारतको आदि पर्वबाट लिइएको छ । उपन्यासमा प्रयुक्त पात्रहरू पनि महाभारतबाटै लिइएका छन् । पूर्वदिप्ती शैलीमा रचिएको यस उपन्यासको कथानक स्वर्गकी अप्सरा अद्रिकाको मर्त्यलोक आगमनको प्रसङ्गबाट आरम्भ भएर प्रमुख पात्र योजनगन्धाको जन्म, बाल्यकाल, विवाह, वंश निरन्तरता, सुखदुःख, सन्तोष असन्तोष प्राप्तिलगायत अनेक जीवनभोगाई हुँदै वार्धक्य जीवनमा प्रवेश र वानप्रस्थसम्मका घटनासन्दर्भहरू आएका छन् । पौराणिक कथावस्तुमा बुनिएको यस उपन्यासमा ईश्वरीय शक्तिलाई सर्वोच्च मान्नु, कर्मअनुसारको फल प्राप्तिमा विश्वास राख्नु, भाग्यलाई नै जीवनको निर्देशक मान्नु, दोषी नभईकन पनि दोषको भागी हुनपर्नु, पूर्व निर्धारित नियतिलाई अकाट्य ठान्नु जस्ता नियतिवादी दर्शनका मान्यतासँग सम्बन्धित घटना सन्दर्भहरू प्रशस्त फेला पर्दछन् । यसै सन्दर्भमा यस उपन्यासलाई आदर्शोन्मुख यथार्थ, नारीवादी चिन्तन, नारी मनोविज्ञान जस्ता बहुल आधारमा हेर्न सकिने भए पनि यहाँ नियतिवादी मान्यताका आधारमा विश्लेषण गरिएको छ ।

## समस्या, उद्देश्य र सीमाङ्कन

प्रस्तुत शोधलेख विनोदप्रसाद धितालको योजनगन्धा उपन्यासमा प्रयुक्त नियतिवादलाई केलाउनमा केन्द्रित छ । यसैले योजनगन्धा उपन्यासमा नियतिवादी मान्यताहरूको प्रयोग प्रभाव के कस्तो देखिएको छ ? भन्ने प्रश्न यसको मूल समस्या हो । योजनगन्धा उपन्यासमा नियतिवादी मान्यताको प्रयोग प्रभावलाई खुलाउनु यस लेखको उद्देश्य हो । योजनगन्धा उपन्यासलाई नियतिवादी मान्यताबाहेक अन्य कुनै पनि कोणबाट व्याख्या विश्लेषण नगर्नु यस अध्ययनको सीमा रहेको छ ।

## अनुसन्धान विधि

प्रस्तुत लेखमा गुणात्मक अनुसन्धान पद्धति अवलम्बन गरिएको छ । नियतिवादका प्रमुख मान्यताहरू यसको मूल सैद्धान्तिक आधार हो । नियतिवादका आधारभूत मान्यताहरू प्रस्तुत गरी त्यसैका साक्ष्यमा पाठ विश्लेषणको विधि यसमा अपनाइएको छ । यस लेखमा सन्दर्भाङ्कन तथा अन्य प्राविधिक पक्षका लागि एपिए शैलीलाई नेपाली भाषा अनुकूलन गरी प्रयोग गरिएको छ ।

## पूर्वकार्यको विवरण र लेखको औचित्य

*योजनगन्धा* उपन्यासका बारेमा विभिन्न अनुसनधानमूलक ग्रन्थ, पुस्तक तथा साहित्यिक पत्रपत्रिकाहरूमा अनुसन्धान, समालोचना, टिप्पणी एवम् केही अध्ययनहरू भएका छन् । जसलाई यहाँ पूर्वकार्यका रूपमा लिइएको छ ।

*योजनगनधा* उपन्यासभित्र रहेको प्रकाशकीय (२०५२) मा यस उपन्यासलाई पौराणिक कथालाई मौलिकता दिईएको कृतिका रूपमा चिनाइएको छ ।

यसै उपन्यासभित्र रहेको प्रस्तावना शीर्षकको लेखकीय (२०५२) मा स्वयं लेखकले यो उपन्यास पौराणिक कथामा आवश्यक कल्पनासमेत प्रयोग गरिएको र यसमा मूलतः नियतिवादी चिन्तन प्रक्षेपण गर्न खोजिएको सङ्केत गरेका छन् । लेखकको यो धारणा यस अध्ययनमा सहयोगी बनेको छ ।

दयाराम श्रेष्ठ र मोहनराज शर्मा (२०५६) ले *नेपाली साहित्यको सङ्क्षिप्त इतिहास* नामक ग्रन्थमा यस कृतिलाई अतीतको व्याख्या गरिएको बृहत् आयामको आधुनिक उपन्यासका रूपमा चिनाइएको छ । यसबाहेक अन्य चर्चा गरिएको छैन ।

राजेन्द्र सुवेदी (२०६४) ले *नेपाली उपन्यास : परम्परा र प्रवृत्ति* नामक समालोचना कृतिमा यस उपन्यासलाई पौराणिक कथावस्तुमा आधारित आदर्शोन्मुख यथार्थवादी औपन्यासिक कृतिका रूपमा व्याख्या गरेका छन् । उनले यस कृतिमा देखिने नियतिवादी सन्दर्भलाई भने कतै चर्चा गरेको देखिन्न ।

कृष्णहरि बराल र नेत्र एटम (२०६६) ले *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* नामक पुस्तकमा यो उपन्यासलाई मिथकीय उपन्यासका रूपमा हेरेका छन् ।

दुर्गाबहादुर घर्ती (२०६७) ले *मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधान* नामक समालोचना कृतिमा यस उपन्यासमा आंशिक रूपमा मनोश्लिेषणको प्रयोग गरिएको र आदर्शोन्मुख यथार्थको प्रयोग भएको चर्चा गर्दै राजेन्द्र सुवेदीकै धारणालाई दोहोऱ्याएको देखिन्छ ।

खगेन्द्रप्रसाद लुइटेल (२०६९) ले *नेपाली उपन्यासको इतिहास* शीर्षकको ग्रन्थमा *योजनगन्धा* उपन्यासलाई आध्यात्मिक चिन्तन, पुराण, पूर्वीय दर्शन र नीतिशास्त्रबाट प्रभाव ग्रहण गरी लेखिएको कृतिका रूपमा व्याख्या गरेका छन् ।

कृष्णचन्द्रसिँह प्रधान (२०७५) ले *समसामयिक नेपाली समालोचना* नामक ग्रन्थमा रहेको आधुनिक नेपाली उपन्यास शीर्षकको लेखमा यस उपन्यासलाई पौराणिक पृष्ठभूमि, प्राचीन आदर्श र जीवनशैली प्रस्तुत गरिएको बृहत् आयामको औपन्यासिक कृतिका रूपमा चिनाएका छन् ।

षडानन्द पौड्याल (२०७६) ले नेपाली साहित्यको आलोक नामक पुस्तकमा *योजनगन्धा* उपन्यासमा पौराणिक विषयवस्तुमार्फत जीवनको सर्वेक्षण गरिएको चर्चा गरेका छन् ।

योजनगन्धा उपन्यासमाथि भएका पूर्व अध्ययनहरू हेर्दा अधिकांश पूर्व अध्येताले यस उपन्यासको परिचयात्मक एवम् औपन्यासिक तत्त्वगत अध्ययन गरेको पाइन्छ । *योजनगन्धा* उपन्यासमा स्वयं लेखकका धारणासँगै राजेन्द्र सुवेदी, दुर्गाबहादुर घर्ती, खगेन्द्रप्रसाद लुइटेल, कृष्णचन्द्रसिँह प्रधानले गरेका अध्ययनहरू बढी महत्त्वपूर्ण देखिएका छन् । यसो भएपनि *योजनगन्धा* उपन्यासमाथि नियतिवादी मान्यतामै केन्द्रित भएर पर्याप्त विश्लेषण भएको स्थिति देखिँदैन । उपर्युक्त पूर्वकार्यको समीक्षाबाट यस उपन्यासको अध्ययनमा अपूर्णता प्रस्ट देखिएको र नियतिवादी मान्यताजस्तो साहित्यिक कृति विश्लेषणको महत्त्वपूर्ण पद्धति उपयोग गरी अनुसन्धान कार्य गरिएकोले यस शोधकार्यको औचित्य पुष्टि हुन्छ ।

## सैद्धान्तिक पर्याधार

साहित्यिक रचनालाई त्यसको अन्तर्वस्तुको प्रकृतिअनुसार विभिन्न दार्शनिक, साहित्यिक वाद वा मान्यताका आधारमा अध्ययन गर्ने गरिन्छ । कृति विश्लेषणका त्यस्ता आधारहरूमध्ये नियतिवाद र यसका आधारभूत मान्यताहरू पनि एक हो । नियति शब्दको अर्थले भाग्य वा प्रारब्धलाई जनाउँछ । वाद शब्दले कुनै मत, मान्यता वा विचारलाई जनाउँछ । यस दृष्टिले भाग्य वा प्रारब्धवादमा आधारित मान्यता वा चिन्तन नियतिवाद हो भन्ने देखिन्छ । नियतिवाद पूर्वीय आस्तिक दर्शन (वेदलाई आधार मान्ने) को बीजाधारमा प्रतिपादित र विकसित सिद्धान्त मानिन्छ (चालिसे, २०७५, पृ. १४५) ।

नियतिवादको मूल सम्बन्ध आस्तिक दर्शनले व्याख्या गरेको ईश्वरीय सर्वोच्चता, प्रारब्ध वा भाग्यवादी चिन्तनसँग सन्निहित देखिन्छ । मानव जीवन उसको वश वा नियन्त्रणबाहिरको ईश्वरीय शक्ति, भाग्य वा प्रारब्धबाट निर्धारित, निर्देशित र सञ्चालित हुन्छ भन्ने मान्यताबाट अनुप्राणित सिद्धान्त नियतिवाद वाद हो (प्रभात, २०७०, पृ. १६२) । यस सिद्धान्तले मानव जीवनलाई ईश्वरीय शक्ति, भाग्य या नियतिका कसीमा राखेर व्याख्या गर्छ । यही सत्यमा टेकेर साहित्यिक कृतिमा नियतिवादी मान्यताहरूको खोजी गर्ने कार्य नियतिवादी अध्ययनमा गरिन्छ (चालिसे, २०७५, पृ. १४६) । नियतिवादको सैद्धान्तिक इतिहास पूरानो नभए पनि साहित्यमा यसको प्रयोग परम्परा भने निकै पुरानो देखिन्छ । ईश्वर, प्रारब्ध, भाग्यजस्ता कुरा संसारकै पुरानो वैदिक दर्शनका विवेचित विषय भएको र पौराणिक साहित्यमा पनि भाग्यवादी चिन्तनको प्रयोग यथेष्ट रहेकोले नियतिवादको जग, जरो पुरानै र पूर्वीय साहित्यमै अडिएको सावित हुन्छ । पछिल्लो समय यसका आडमा साहित्यिक कृतिको विवेचना गर्ने प्रचलन अझ विकसित हुँदै आएको देखिन्छ । अङ्ग्रेजी साहित्यमा नियतिवाद 'Determinism' नामले परिचित छ ।

नियतिवाद अस्तित्ववादको विपरीत मान्यता बोकेको दर्शन मानिन्छ । अस्तित्ववाद स्वअस्तित्वको खोजी र पहिचानमा केन्द्रित मान्यता हो । मानिसले जीवनलाई निरूपाय, निरर्थक र विवश मान्दामान्दै पनि म हुँ र छु को बोध गरी जीवनमा नयाँ अर्थ र मूल्य खोज्नुपर्छ भन्ने मान्यता अस्तित्ववादले राख्छ (त्रिपाठी, २०५८, पृ. ११७) । यो जीवन मूल्यको खोजी गर्ने क्रममा विकसित दर्शन हो । यस दर्शनले मानिसलाई पलायनतर्फ होइन नयाँ अर्थ र स्वादको खोजीतिर उन्मुख गराउँछ (जोशी, २०६६, पृ. ११५) । नियतिवाद भने यसको विपरीत मान्यतामा उभिएको देखिन्छ । यसले मानिसको शक्ति र अस्तित्वलाई नभई ईश्वरीय सत्ता र असितित्वमा विश्वाश राख्छ । मानिसको समूल जीवन केबल ईश्वरीय इच्छा र भाग्यको वशमा छ । यो स्वयं मानिसको नियन्त्रणमा छैन । मानिसले जीवन भोग्ने क्रममा सम्पन्न गर्ने सारा कर्म र भोगाई प्रारब्धद्वारा पूर्वनिर्धारित हुन्छन् भन्ने मान्यता नियतिवादले राखेको देखिन्छ । मानिसका जीवनमा घट्ने दुःख सुखका हरेक घटना भाग्य र ईश्वरीय अधीनमा रहन्छन् र मानिसले जस्तो निर्णय र कर्म गर्छ नियति वा भाग्यले उसलाई त्यस्तै फल दिन्छ भन्ने मान्यता नियतिवादले राख्छ (चालिसे, २०७५, पृ. १४६) । नियतिवादको यस्तो किसिमको सैद्धान्तिक स्वरूप निर्माणका सन्दर्भमा यसका विभिन्न लक्षण वा मान्यताहरू स्थापित भएको पाइन्छ ।

नियतिवादको मूल अवधारणा ईश्वर भगवान नै सर्वेसर्वा हुन्, ईश्वरले चाहे र भाग्यमा छ भने अप्राप्य र असम्भव वस्तु पनि प्राप्य र सम्भव हुन्छ भन्ने नै देखिन्छ । मानिसको जीवनमा जे हुन्छ, गर्छ र गराउँछ त्यो सबै भाग्य वा नियतिले नै गराउँछ स्वयं मानिसको बशमा त केही कुरा पनि छैन भन्ने मूल मान्यतामा नियतिवादी चिन्तन अडिएको छ (बर्मा, सन् १९८५, पृ. ४५१), (प्रभात, २०७० पृ. १६२) । यस्तै मानिस दोषी नभईकन नियतिले सजायको भागी बनाउँछ भन्ने मान्यता यस वादले राखेको देखिन्छ । मानिस आफ्नो कुनै गल्ती र दोष नभए पनि नियतिले चाह्यो भने जुनसुकै हालतमा पनि सजायको भागी बन्नै पर्छ भन्ने मान्यता नियतिवादले राख्छ (कोइराला, २०४०, पृ. ३४) । नियतिवादी दर्शनको व्याख्यामा केन्द्रित यी सन्दर्भहरू हेर्दा ईश्वरीय शक्तिलाई नै सर्वोच्च मान्नु, कर्म अनुसारको फल प्राप्तिमा विश्वास गर्नु, जीवनलाई प्रारब्ध वा भाग्य निर्देशित ठान्नु, गल्ती

र दोष नै नभए पनि नियतिले मानिसलाई सजायको भागी बनाउँछ भन्ने मान्नु, भाग्य वा नियतिलाई टार्न, सार्न नसकिने अकाट्य मान्नु नियतिवादका स्थापित प्रमुख मान्यता ठहरिन्छन् (एटम, २०७४, पृ. १३३),(चालिसे, २०७५, पृ. १४६) । यसर्थ यहाँ तिनै मूल मान्यतामा आधारित भई *योजनगन्धा* उपन्यासमा नियतिवादी मान्यताको प्रयोग प्रभाव खोजिएको छ ।

## विमर्श र नतिजा

*योजनगन्धा* उपजीव्य महाभारतको आदिपर्वको कथावस्तुमा आधारित उपन्यास हो । स्वर्गकी अप्सरा अद्रिकाको पृथ्वीमा आगमनदेखि कौरव पाण्डवको जन्मसम्मका प्रमुख घटनाक्रमले यसको कथानक निर्माण भएको छ । धेरै पात्रहरूको उपस्थिति रहेपनि उपन्यासमा आद्योपान्त देखापरेका मूख्य भूमिकामा रहेका पात्रहरूको सङ्ख्या भने थोरै छ । उपन्यासकी केन्द्रीय पात्र योजनगन्धा हुन् । अप्सरा अद्रिका, दासराज, दासरानी, योजनगन्धा, राजा उपरिचर वसु, रानी गिरिका, राजा शन्तनु, महर्षि पराशर, महर्षि वेदव्यास, देवब्रत भीष्म, अम्बिका, अम्बालिका, चित्राङ्गद, विचित्रवीर्य, दुर्गी, कौरव, पाण्डव, कुन्ती, माद्री उपन्यासमा देखा परेका पात्रहरू हुन् । उपन्यासका प्रमुख घटनासन्दर्भ र सम्बन्धित पात्रहरूको जीवनभोगाईका आधारमा यस उपन्यासमा नियतिवादी मान्यताको प्रयोग प्रभावलाई खोजीएको छ ।

### ईश्वरीय शक्तिलाई सर्वोच्च मान्नु

नियतिवादले ईश्वरीय शक्तिलाई सर्वोच्च मान्दछ । प्रकृति र  मानव जीवन ईश्वरकै सत्ता, इच्छा र शक्तिमा चल्दछ, ईश्वरले चाहेमा अप्राप्य पनि प्राप्य र असम्भव पनि सम्भव हुन्छ भन्ने मान्यता नियतिवादले राख्छ (बर्मा, सन् १९८५, पृ. ४५१) । योजनगन्धा उपन्यासमा नियतिवादको यो मान्यता अनुकूलका घटना सन्दर्भहरू देखिएका छन् ।

उपन्यासकी प्रमुख पात्र योजनगन्धाको जन्मप्रक्रिया अलौकिक किसिमले भएको पाइन्छ । तपस्वी ब्राह्मणको श्राप मोचन गर्न मर्त्यलोकमा बसेकी स्वर्गकी अप्सरा अद्रिकाको गर्भबाट मत्स्यगन्धा (पछि योजनगन्धा) को जन्म भएको छ । उनी चेदी नरेश महाराज उपरिचर वसुकी बीर्यबाट जन्मेकी हुन् । राजा उपरिचरले वसन्तकालमा जङ्गलमा रमाउँदा स्खलन भएको आफ्नो बीर्य पातको दुनोमा बन्द गरी बाजलाई बाहक बनाई आफ्नी पत्नी गिरिकालाई सेचन गर्नु भनी पठाएको उनको बीर्य आकाशमा भेटिएको अर्को बाजसितको युद्धका कारण यमुना नदीमा खस्छ (पृ. १५) । संयोगवश त्यसैबखत मर्त्यलोकमा रही श्राप मोचनको समय पर्खदै यमुना नदीमा पौडी खेलीरहेकी अप्सरा अद्रिकाले त्यो दुनो प्राप्त गरी त्यसलाई चिनेर विधिपूर्वक सेचन गर्दछिन् (पृ१५) । उक्त, बीर्यबाट उनमा गर्भ रहन्छ र मास पूरा भएसँगै मत्स्यगन्धाको जन्म हुन्छ (पृ.१९) ।

यसरी राजा उपरिचरले पठाएको बीर्य रानी गिरिकाको हातमा नपुग्नु, त्यो पातको दुनो यमुनामा पौडी खेलिरहेकी अप्सरा अद्रिकाले पाउनु र त्यसलाई चिनेर श्राप मोचनको उपाय प्राप्त भएको ठानी सेचन गर्नु, त्यसबाट अद्रिकामा गर्भ रहनु, आमाको पेटबाट जन्मनासाथ बालिकाको शरीरबाट सडेगलेको माछाको कडा गन्ध फैलिनुजस्ता घटना राजा उपरिचर र अद्रिका कुनैको इच्छा र वशबाट नभई ईश्वरीय शक्तिकै कारण उत्पन्न भएको देखिन्छ । कुनैपनि घटना मानिसको इच्छा र चाहनाअनुसार घट्दैनन् ती त केवल ईश्वर वा अदृश्य शक्तिको इच्छाले घट्छन् (चालिसे, २०७५ पृ. १४६) । योजनगन्धालाई जन्म दिनासाथ आमा अद्रिका स्वर्ग प्रस्थान गरेपछि अबोध बालिका

योजनगन्धा न बाबु न आमाकी बनेर दासराजको शरण पर्न बाध्य हुनुपरेको छ (पृ.१५) । उपर्युक्त घटनाक्रमहरू मानव जीवनका हरेक क्रियाकलापहरू स्वयं मानिसको वश र नियन्त्रणमा छैनन् । ती त केबल ईश्वरद्वारा पूर्वनिर्धारित र निर्देशित हुन्छन् (शर्मा, २०५१, पृ. १३१) भन्ने नियतिवादी मान्यतामा आधारित देखिन्छन् ।

यस्तै बाबु शन्तनुको योजनगन्धासँग विवाह गर्ने इच्छा पूरा गरिदिन शन्तनुपुत्र देवब्रतले आजन्म अखण्ड ब्रह्मचर्यमा रहने भीष्म प्रतिज्ञा गरी ईश्वरीय शक्तिलाई स्वीकार गर्नु (पृ. १५४), वन विहारमा रहेका पाण्डुलाई अचानक ब्राह्मणको श्राप पर्नु (पृ. ३३२), जस्ता घटनामा पनि ईश्वरीय लीला देखापर्छ । जीवनभर आफू ईश्वरीय लीलाको चक्रमा परेको अनुभूत गरेकी योजनगन्धाले त्रिकालदर्शी पुत्र महर्षि वेदव्याससँग आफ्नै जीवनको असफलतामाथि अनेक प्रश्न गर्छिन् । आमाको प्रश्न सुनेका वेदव्यासले जीवनका बारेमा सम्झाउँदै "माताजी ! परमेश्वरको लीलामय इच्छा के के हुन्छ त्यो सामान्य मानिसलाई ज्ञान हुँदैन । त्यसैले जे हुनु छ हुनेहुनामी भएरै छाड्छ स्वयं ईश्वरको इच्छालाई कसैले रोक्न सकिन्न" (पृ. ३९२) । भन्नुले पनि मानिसको समूल जीवन त केबल ईश्वरकै इच्छा र शक्तिमा चल्दछ र ईश्वरीय सामर्थ्य नै सर्वोच्च हो भन्ने प्रस्ट हुन्छ । यस्तै योजनगन्धाको मनलाई शान्त पार्दै भीष्मले पनि "महारानी मुमाज्यू ! जीवले सुख वा दुःख जे पाउँछ आफ्नो शक्तिले नभइ ईश्वरका इच्छाले प्रारब्धद्वारा नै पाउँदछ । त्यसैले ईश्वरकै इच्छा र शक्तिलाई बलवान् मानेर कुनै शोक नगरी जीवन बिताउनु श्रेष्ठ हुनेछ"(पृ.४०२) भन्नुले पनि ईश्वर या अदृश्य शक्ति नै सर्वोच्च हुन्छ । ईश्वरले चाहेमा असम्भव कुरा पनि सम्भव हुनजान्छ र मानिस विधिको विधानमा चल्न बाध्य छ (बर्मा, सन् १९८५, पृ. ४५१) भन्ने नियतिवादी मान्यतामा यस उपन्यासमा प्रयोग भएको प्रष्ट हुन्छ ।

**कर्म अनुसारको फल प्राप्तिमा विश्वास राख्नु**

मनिसले जीवनमा जस्तो कर्म गर्दछ त्यस्तै फल प्राप्त गर्दछ भन्ने मान्यता नियतिवादको एक मुख्य मान्यता हो । हरेक मानिसले सही निर्णय लिई सत्कर्म र गरेमा ईश्वरले उसलाई राम्रै फल दिन्छन् भने गलत निर्णय लिई दुष्कर्म गरेमा विपरीत फल दिन्छन् भन्ने मत नियतिवादले राख्दछ ( पौडेल, २०७३, पृ. १०) राख्दछ । नियतिवादको यो मान्यताअनुकूलका सन्दर्भहरू पनि योजनगन्धा उपन्यासमा देखिएका छन् ।

राजा शन्तनुसँगको सहवासबाट योजनगन्धाले जन्माएका दुई पुत्र चित्राङ्गद र विचित्रवीर्यको मृत्युसँगै राजगद्धी उत्तराधिकारीको बाटो टुङ्गिन्छ । योजनगन्धाले आफू कुमारी अवस्थामै छँदा महर्षि परशरसँगको समागमबाट जन्माएको पुत्र वेदव्यास ले नमान्दा नमान्दै पनि योजनगन्धाकै हठले हतारमा विधि नपुऱ्याई बुहारीहरूमा नियोग गराएका कारण महर्षि वेदव्यासजस्ता तपस्वीको बीर्यबाट पनि अन्धा धृतराष्ट्र र पहेँलो फुस्रो वर्णका पाण्डुको जन्म हुनपुग्छ (पृ.३१९) । यस्तै योजनगन्धाको हठले एक दिन शास्त्र निषिद्ध दिवा कालमा शन्तनु र योजनगन्धाबीच सहवास भएर जन्मेको ( पृ.२५२) कान्छो छोरो विचित्रवीर्यमा अति यौनको लत बसी सन्तानहीन अवस्थामा मृत्यु भएर वंश नास हुनु पनि योजनगन्धाको निर्णय र कर्मकै विपरीत परिणाम थियो । यी घटनाहरू पनि मानिसले जीवनमा आफैनै निर्णय र कर्मअनुसारको फल प्राप्त गर्दछ (शर्मा, २०५१, पृ.१३१) भन्ने नियतिवादी मान्यतामा आधारित देखिन्छन् । स्वयं योजनगन्धाका यी भनाईबाट पनि यसको पुष्टि हुन्छ–

> *मनले चाहेको कहिल्यै पुगेन,भाग्यले बारबार धकेल्यो (पृ.३०८) हुँदाहुँदा महान् पुरूवंशको तन्तु च्वाट्टै चुँडियो । तैपनि मैले नियतिसँग सिँगौरी खेल्न छाडिन (पृ.३०९) आफ्नै रगतबाट वंश धान्ने साँचले तातै खाउँ जल्दै मरूँ जसरी विधवा बुहारीहरूमा मेरै रगत वेदव्यासबाट साइत र विधि नै पूरा नगरी नियोग गराउन चाहेँ ।......अहँ मेरो इच्छा पूर्ण रूपले सफल भएन विपरीत परिणाम आयो । नियतिलाई नटेरी जतिसुकै प्रबल प्रयत्न गरेपनि परिणाम त नियतिले नै तोकेको मात्र पाइँदो रहेछ । नत्र महर्षि वेदव्यासजस्ताबाट माग्दा पनि रूप र गुणमा खोट नभएको नपाउनु कसरी हुन्थ्यो आखिर सबै आफ्नै निर्णय र कर्मको फल भोगिने रहेछ (पृ.३१९) ।*

योजनगन्धाकै भनाइबाट यी सारा घटनाहरू नियति निर्देशित नै थिए नै त्यसभन्दा पनि अझ बढी त उनको निर्णय र कर्मका प्रतिफल नै थिए भन्ने देखिन्छ । योजनगन्धाले पनि आफ्नै जीवन भोगाइबाट मानिसले जीवनमा आफैले गरेको निर्णय र कर्मको फल भोग्नै पर्नेरहेछ भन्ने सत्य बोध गरेको देखिन्छ ।

शिकारमा रहेका राजा पाण्डुले एक दिन मृगचर्म धारण गरी सम्भोगमा रमाएका ऋषिदम्पतीमाथि मृगजोडी ठानी बाण प्रहार गर्छन् । आफूमाथि बाण प्रहारको घटनाले रिसाएका ब्राह्मण ऋषिले तिम्रो पनि स्त्रीसम्भोगमै रहेका बखत मृत्यु होस् भनी पाण्डुलाई श्राप दिन्छन् (पृ.३३२) । पाण्डुले यो श्राप पनि आफनै कर्म र निर्णयले भोग्नुपरेको थियो । यतिमात्र होइन पत्नीहरूको संसर्गबाट टाढै रहेर वानप्रस्थमा बसेका पाण्डु वसन्तकालमा एक दिन आफूमाथिको श्रापको ज्ञान छँदाछँदैपनि अकस्मात् अनियन्त्रित भई यौनावेशमा आई माद्रीसँग सम्भोगरत रहँदा उनको मृत्यु हुन्छ (पृ.३७९) । यो पनि पाण्डुले आफ्नै गलत निर्णय र कर्मका कारण भोग्नुपरेको फल थियो । आफूसँग सम्भोगरत रहँदा पतिको मृत्यु भएको ठानेकी माद्री पनि पति पाण्डुसँगै सती जान्छिन् (पृ.३८०) । यो पनि माद्रीले आफूलाई थाहा हुँदाहुँदै पनि भावि अनिष्ट रोक्न नसकेको आफनै कर्मका कारण भोग्नुपरेको परिणाम थियो ।

यी घटना देखेभोगेकी योजनगन्धाले "मेरो जीवनमा घटेका सबै दुःखसुखका घटना मैले चाहेर घटेनन्, । यी त मेरै निर्णय र कर्मअनुसारका प्रतिफल पनि थिए ।... नाती गुमाउनुको पीडाले मेरो मनमा असह्य चोट पऱ्यो र पनि आफ्नै कर्मको फल भोग्न र सहन बाध्य हुनैपर्दोरहेछ" (पृ.३८२) भन्नुले पनि यी घटनाहरू मानिसले कर्म अनुसारको फल भोग्न बाध्य हुन्छ भन्ने नियतिवादी मान्यता अनुकूल नै रहेको देखिन्छ । जीवनमा उनले चाहेका र प्राप्त गर्न खोजेका प्रतिफल भने पाउन सकेकी छैनन् । फल प्राप्तिको आशाले गरेका कर्मबाट पनि विपरीत परिणाम निस्केका छन् ।

**प्रारब्ध वा भाग्यलाई जीवनको निर्देशक मान्नु**

मनिसको समूल जीवनका घटनाक्रम स्वयं मानिसको वश र नियन्त्रणमा छैनन् । हुनेहुनामी सारा घटना प्रारब्ध, भाग्य वा दैवको निर्देशनमा घटित हुन्छन् भन्ने मान्यता नियतिवादले राख्छ (प्रभात, २०६७, पृ. १६२) । योजनगन्धा उपन्यासमा यो मान्यता अनुकूलका घटनासन्दर्भ फेला पर्छन् ।

राजा उपरिचर वसुकी छोरी भएर पनि योजनगन्धालाई दासराजकी छोरी बनेर उनको घरमा बस्न पर्नु नै नियति निर्देशित खेल देखिन्छ । एक दिन महर्षि पराशर नदी तर्ने क्रममा यमुना

किनारमा आएका हुन्छन् । त्यसै समय बाह्र वर्षीय मत्स्यगन्धालाई डुङ्गा खियाएर महर्षि पराशरलाई नदी पार गराउने संयोग जुट्छ (पृ.८९) । डुङ्गामा बसेर नदी तर्ने क्रममा किशोरी मत्स्यगन्धालाई देखेका पराशर कामवासनाले उनीप्रति मोहित बन्न पुग्छन् । कामातुर बनी उनीसँग सम्भोगको इच्छा राख्छन् । पराशरको यस्तो व्यवहारबाट भविष्यप्रति चिन्तित मत्स्यगन्धाले महर्षिको इच्छा पूरा गर्नुअघि महर्षि पराशरसँग केही सर्त राख्दछिन् । पहिलो सर्त आफ्नो शरीरबाट सडेगलेको माछाको कडा गन्ध आइरहेकोले यो हटोस् भन्ने रहन्छ । मत्स्यगन्धाले त्यो इच्छा राख्नासाथ महर्षि पराशरले तत्कालै "तिम्रो अङ्गबाट कस्तुरीको भन्दा पनि बढी मिठो एक योजनसम्म फैलिने सुवास चलोस्" ( पृ.९५) भन्ने वरदान दिन्छन् । तत्कालै मत्स्यगन्धाको शरीरबाट कस्तुरीको भन्दा मिठो सुवास निक्लेर एक योजनसम्म फैलिन्छ (पृ.९६) । यसैगरी मत्स्यगन्धाले महर्षि पराशरसँग "म अक्षतयोनी कन्या हुँ, संभोग भएपछि गर्भ अवश्य रहन्छ । हजुरको गर्भ रहेर सन्तान जन्माएपछि मैले कसरी लोकमा मुख देखाउने" ? भन्ने प्रश्न राख्छिन् (पृ.९६) । यसको प्रत्युत्तरमा महर्षि पराशरले "मसँग समागम भएर गर्भवती भई सन्तान जन्माए पनि तिमी अक्षतयोनी कन्या नै रहीरहनेछ्यौ र तिम्रो जवानी पनि चिरकालसम्म रहने छ । मेरो बीर्यबाट रहने तिम्रो गर्भबाट पुराणहरू रच्ने र वेदलाई विभाजन गर्ने महाविद्वान् तपस्वी पुत्र जन्मने छ र पुत्र जन्मनासाथ उसको सम्पूर्ण जिम्मा ममा रहनेछ" (पृ.९७) भन्ने वरदान दिन्छन् । यस घटनापछि दास समाजमा मत्स्यगन्धाको नाम योजनगन्धा रहन पुग्छ ।

यसरी उपर्युक्त घटना सन्दर्भहरू हेर्दा मत्स्यगन्धाले महर्षि पराशरलाई डुङ्गामा राखी नदी तार्ने मौका पाउनु, पराशरले उनीसँग संभोग गर्ने इच्छा राख्नु, मत्स्यगन्धाले पराशरसँग सर्त राख्नु र महर्षिबाट ती सर्त पूरा गरिदिनुजस्ता घटना यी दुवै पात्रका योजना र इच्छाअनुसार नभई नियतिनिर्देशित या भाग्यको खेल नै देखिन्छन् । यी सारा घटनाक्रमहरू न यसपूर्व पराशरले सोचेर भएका न त मत्स्यगन्धाले नै चाहे सोचेर भएका थिए । यी त अकस्मात घटेपनि नियतिद्वारा पूर्व निर्देशित थिए भन्न सकिन्छ । योजनगन्धालाई आफ्नै जीवनमा घटेका यी घटनाहरू घट्नुअघि यो घटित हुँदैछ भन्ने न अनुमान थियो न थाहा नै थियो । यसर्थ यसलाई नियति नभनी के भन्ने ?यस घटनाको स्मरण गर्दै स्वयं योजनगन्धाले यसो भन्न पुगेकी छन्–

> *"मैले आफूलाई किन धिक्कारेकी हुँली भवितव्यमा विश्वाश गर्ने भएपछि त जे घटेनु छ त्यो घटेरै छाड्छ । मनुष्यको नियति वा भाग्य त आफ्नो वशमा कहाँ हुन्छ र यो त प्रारब्धको को वशमा हँदोरहेछ (पृ.१०१) मानिसले भवितव्यमा विश्वाश गरेपछि जे हुनु भइनै हाल्छ भन्ने कुरामा चित्त बुझाउन सकेमात्र मनमा शान्ति मिल्छ । वास्तवमा नियतिको विधानबमोजिम नै हामी यस संसारमा चलिरहेछौँ"* (पृ.१०५) ।

यसरी यस उपन्यासकी केन्द्रीय पात्र योजनगन्धाले भवितव्य या भाग्यमा विश्वास गरी नियति या प्रारब्धको खेललाई स्वीकारेकै देखिन्छ ।

एकदिन आफ्ना सखीहरूसँग यमुना किनारमा रमाइरहेकी योजनगन्धाको भेट शिकार खेल्ने क्रममा घुम्दै आएका हस्तिनापुर नरेश शन्तनुसँग हुनपुग्छ (पृ.१२८) योजनगन्धाको सुन्दर रूप सुगन्धबाट देखेर राजा मोहित बनेका शन्तनुले योजनगन्धासँग विवाह गर्ने इच्छा राख्छन् (पृ.१३४) । भारत वर्षीय विशाल राज्यका राजा शन्तनुले आफ्नो हात मागेपछि आफूभन्दा धेरै उमेरले जेठो विधुर शन्तनुले विवाह प्रस्ताव राख्दा योजनगन्धाको मन निकै विचलित हुनपुग्छ । उनको भित्रि मनले बूढो

राजासँग विवाह गर्न भने मान्दैन र पनि उनले यसलाई नियतिकै खेल सम्फन पुग्छिन् (पृ.१३५) । दासराजले आफ्नी छोरी योजनगन्धाबाट जन्मेको सन्तानले राजगद्दी पाउनेभएमात्र योजनगन्धा सुम्पने सर्त राख्दछन् (पृ.१३८) । विधुर पिताको वैवाहिक इच्छा बुझेका शन्तनु पुत्र देवव्रत शन्तनुका लागि योजनगन्धाको हात माग्न दासराजको घरमा आएपछि दासराजले देवव्रतसँग पनि छोरीबाटै जन्मेको सन्तानले हस्तिनापुरको राजगद्दी पाउनुपर्ने अडान पुनः दोहोऱ्याएर राखेपछि देवव्रतले पनि पिताको इच्छा पूरा गर्नका लागि आजन्म अखण्ड ब्रह्मचर्यमा रहने भीष्म प्रतिज्ञा गरी राजा शन्तनुसँग योजनगन्धाको विवाह हुनपुग्छ (पृ.१५४) ।

उपर्युक्त घटनाहरू हेर्दा त्रिकालदर्शी महर्षि पराशरको गर्भबाट पुत्र जन्माउनु, सन्तानवती रहेर पनि अक्षतयोनी कुमारी नै रहन पाउनु, भारत वर्षीय विशाल राज्यका नरेश महाराज शन्तनुसँग योजनगन्धाको भेट हुनु, विधुर राजा शान्तनुले दासराजसँग योजनगन्धाको हात माग्नु, दासराजले योजनगन्धाबाटै जन्मने सन्तान हस्तिनापुरको राजा बन्न पाउनेभएमात्र छोरी दिने सर्त राख्नु, शन्तनुपुत्र देवव्रतले पिताको खुशीका लागी राजगद्धी त्यागमात्र नभई अखण्ड ब्रह्मचर्यमा रहने भीष्म प्रतिज्ञासहित दासराजको सर्त पूरा गरी योजनगन्धाबाटै जन्मेको सन्तान राजा हुने सुनिश्चित गरेर योजनगन्धा र शन्तनुको विवाह हुनुजस्ता घटनासन्दर्भहरू राजा शन्तनु, दासराज, योजनगन्धा र भीष्मले चाहेर वा नचाहेर पनि घटेकाले नियति निर्देशित नै देखिन्छन् । हस्तिनापुरकी महारानी बनी दरबारमा भित्रिएसँगै योजनगन्धाले "आफूले सोचेर र चाहेरमात्र केही हुँदोरहेनछ । मानिसको जीवन कल्पना र चाहनाभन्दा धेरै टाढा छ । जो कोही मनिसले भोग्नुपर्ने वास्तविकता त केबल नियतिले नै निर्धारण गर्दोरहेछ" (पृ.१७७) भन्नुले पनि उनको जीवनमा घटेका यी घटनाहरू कसैका इच्छा र चाहनाले नभई केबल नियतिनिर्देशित नै थिए भन्ने प्रष्ट हुन्छ ।

राजा शन्तनुसँग विवाह भएपछि राज्य सञ्चालनको सम्पूर्ण अधिकार पाएका अवस्थामा पनि योजनगन्धाले भाग्यकै खेल ठानेकी छन् । उनले "म जस्ती दास कन्यालाई भाग्यले यहाँ ल्यायो । जे होस् भाग्यले फेरि एकपटक मेरो स्थान औँल्याइदियो" (पृ.१९१) । भन्नुले नियतिले निर्देशन गरे अप्राप्य ठानिएका खुशी पनि प्राप्य हुन्छन् (बर्मा, सन् १९८५, पृ. ४५१) भन्ने नियतिवादी मान्यता यस उपन्यासमा प्रस्तुत भएको देखिन्छ । पाको उमेरका विधुर हस्तिनापुर नरेश महाराज शन्तनुसँग विवाह भएदेखि दुई सन्तान प्राप्ति र राजा शन्तनुको मृत्यु हुँदाका समयसम्म घटेका घटनाहरू पनि स्वभाविक नभएर नियतिनिर्देशित नै देखिन्छन् । कलिलै उमेरमा वृद्ध पुरूषकी पत्नी बन्नपर्नु, एकाएक राज्य सञ्चालनको सम्पूर्ण अभिभारा आफूमा आउँनु, सन्तान प्राप्तिको आश मरिसकेका अवस्थामा राजा शन्तनुकै गर्भबाट क्रमशः चित्राङ्गद र विचित्रवीर्य जस्ता दुई पुत्रलाई जन्म दिनु र अकस्मात् राजा शन्तनुको स्वर्गारोहण हुनुजस्ता घटना योजनगन्धाको जीवनमा नियतिकै खेलले घटेको देखिन्छ । किनकि यी सबै घटनाहरू स्वयं योजनगन्धाले चाहेर मात्र घटेका थिएनन् । यी घटना घटिसकेपछि स्वयं योजनगन्धाले "परिआउने घटनाको मुकाविला गर्नै पर्दोरहेछ । आफूले इच्छा गरेर र चाहेरमात्र केही हुँदोरहेनछ । सधैँ एकै किसिमको सौभाग्य पनि रहँदोरहेनछ । जीवनमा नसोचेको आघात पनि सहनै पर्दोरहेछ,आखिर प्रारब्धले खनेको बाटो हिँड्नै पर्दोरहेछ"(पृ.२६२) भनी भाग्यकै खेललाई विश्वाश गर्नुले पनि उनका जीवनमा घटित यी घटनाहरू नियतिनिर्देशित नै थिए भन्ने प्रष्ट हुन्छ । यी घटनासन्दर्भहरू पनि मानिसको समूल जीवन उसको इच्छा र नियन्त्रणमा नभई प्रारब्ध या

नियतिनिद्वारा निर्देशित हुन्छ (पंज्ञानी, २०७४, पृ. ४७) भन्ने नियतिवादी मान्यतामा आधारित देखिन्छन् । माझीका घरमा जन्मेहूर्केर बाल्यकाल बिताई प्रारब्धले महर्षि वेदव्यासकी आमा एवम् हस्तिनापुरकी महारानीसमेत बनेकी योजनगन्धाले जीवनको अन्तिम क्षणमा आएर "जीवन त प्रारब्धकै खेल रहेछ, जीवनमा आफूले चाहेसोचेको कहिल्यै हुँदोरहेनछ । जीवनमा निराशा र शून्यता शिवाय केही रहेन । वास्तवमा मेरो जीवनको मूल्य त दासबस्तीकी योजनगन्धाको मात्र पो रहेछ" (पृ.४२२) भनेकी छन् । दशकौँको लामो जीवनभोगाइबाट व्यक्त स्वयं योजनगन्धाको यो भनाइबाट पनि मानिसको जीवन त आखिर नियतिकै कठघरामा रहेछ भन्ने पुष्टि हुन्छ ।

**मानिस दोषी नभए पनि सजाय भोग्न बाध्य हुनुपर्ने मान्नु**

कुनै बेला मानिसले गल्ती नै नगरे पनि सजायको भागी बन्नुपर्ने हुन्छ । मानिसको कुनै गल्ती वा दोष नहुँदा नहुँदै पनि नियतिले उसलाई सजाय भोग्न बाध्य बनाउँछ भन्ने विश्वास नियतिवादले राख्छ (पौडेल, २०७३, पृ. १०) । योजनगन्धा उपन्यासमा नियतिवादको यस मान्यता अनुकूलका घटनासन्दर्भ पाउन सकिन्छ ।

राजा उपरिचर वसुको बीर्य सेचन गरी अद्रिकाको कोखबाट जन्मेकी बालिका मत्स्यगन्धाको कुनै गल्ती र दोष थिएन । यसो भए पनि उनी आफ्नै बाबु उपरिचर वसुबाट माया नपाई दासराजको घरमा पालित पोषित भई हुर्कनु पर्‍यो (पृ. १५) । यस घटनालाई गल्ती र दोषी नै नभइकन पनि योजनगन्धालाई नियतिले दिएको सजाय नमानी के मान्ने ? यसैगरी वन विहारमा आएका हस्तिनापुर नरेश शन्तनुले योजनगन्धाको रूप, यौवन र सुगन्धबाट मोहीत बन्दछन् । दासराजसँग योजनगन्धाको हात माग्न जान्छन् । दासराजले मेरी छोरीबाट जन्मेको सन्तानले मात्र राजगद्धी पाउनुपर्ने सर्त राख्छन् । यस घटनामा  शन्तनु पुत्र देवब्रतले आफ्ना पिताको इच्छा बुझी आजन्म ब्रह्मचर्यमा रहने अखण्ड प्रतिज्ञा गर्दछन् । उनले भीष्म प्रतिज्ञा गर्नुका पछाडि पनि नियतिकै खेल थियो । उनी आफ्नो कुनै गल्ती र दोष नहुँदा नहुँदै पनि नियतिको शिकार बन्न बाध्य देखिन्छन् (पृ. १५४) ।

यस्तै विचित्रवीर्यका दुई पत्नीहरू अम्बिका र अम्बालिकाले पनि आफ्नो कुनै गल्ती र दोष नहुँदा पनि पति विचित्रवीर्यको अति यौनको लतका कारण मृत्यु भई कलिलै उमेरमा वैधव्य जीवन विताउनु परेको छ (पृ. ३१८) । यतिमात्र नभई वेदव्याससँग नियोगमा सहभागी भई नेत्रहीन र पाण्डु वर्णको सन्तान जन्माउनु परेको छ । यस्तो अवस्थालाई पनि गल्ती र दोष विना नै नियतिको सजाय भोग्न बाध्य भएको नमाने के मान्ने । यस्तैगरी आफ्नो कुनै गल्ती र दोष नहुँदा पनि श्रापका कारण मृत्यु भएका पाण्डुका पत्नीहरू कुन्ती र माद्री पनि नियतिको शिकार हुनुपरेको छ (पृ.३३२) । यस घटनालाई पनि विना गल्ती वा दोष सजायको भागी भएको मान्न सकिन्छ । उपर्युक्त घटनाक्रमहरू हेर्दा मानिसको गन्ती वा दोष नै नभएपनि नियतिको शिकार बाध्य हुनुपर्छ (कोइराला, २०४० पृ. ३४) भन्ने नियतिवादी मान्यतामा आधारित देखिन्छन् ।

### भाग्य वा नियतिलाई टार्न नसकिने अकाट्य मान्नु

भाग्य वा नियति मानिसको अधीनमा हुँदैनन् । नियतिवादले प्रारब्ध, भाग्य वा नियतिलाई टार्न नसकिने अकाट्य मान्दछ (चालिसे, २०७५, पृ. १४६) । योजनगन्धा उपन्यासमा नियतिवादको यस मान्यता अनुकूलका सन्दर्भहरू फेला पार्न सकिन्छ ।

अप्सरा अद्रिकाले ब्राह्मण तपस्वीको श्राप पाउनु पनि टार्न नसकिने अकाट्य थियो (पृ.१५) राजा उपरिचरकै छोरी भएर जन्मने सौभाग्य पाएर पनि छोरी भएकै कारण जन्म दिने बाबुको हेलामा परी दासराजको सन्तान बनेर माझीका घरमा पालितपोषित हुनपर्नु पनि नियतिको टार्न नसकिने खेल मान्न सकिन्छ (पृ.३१), शन्तनुको स्वर्गारोहणपछि उनको जेठो छोरो चित्राङ्गदलाई हस्तिनापुरको राजा बनाइन्छ (पृ.२६३) । भाग्यको अकाट्य खेल चित्राङ्गद नामकै गन्धर्वराजसँगको युद्धमा शन्तनुपुत्र चित्राङ्गदको दुःखद् मृत्यु हुन्छ (पृ.२६८) । त्यसपछि बाह्र वर्षीय विचित्रवीर्यलाई हस्तिनापुरको राजगद्धीमा राखिन्छ (पृ.२६९) विधिको विडम्बना अति यौनमा लिप्त भएका कारण केही वर्षमा सन्तानहीन अवस्थामै वीचित्रवीर्यको पनि मृत्यु हुन्छ (पृ.३०९) । यस घटनासँगै भीष्म आजन्म अखण्ड ब्रम्हचर्यमा रहेका स्थितिमा राजा शन्तनु र योजनगन्धाको वंशनास हुन्छ ।

यसरी राजा शन्तनुको मृत्युसँगै चित्राङ्गदलाई राजा बनाइनु, युद्धमा उसको मरण हुनु, त्यसपछि विचित्रवीर्यलाई राजा बनाइनु, अतियौनको आशक्तिका कारण रोग रागेर उसको पनि मृत्यु भई भरत वंशकै तन्तु चुँडिनु र राज्य नै उत्तराधिकारीविहीन हुनुजस्ता घटनाक्रमहरू हेर्दा यी घटनाहरू पनि टार्न पञ्छाउन नसकिने नियतैकै खेलमा घटेको देखिन्छ । किन कि यी सबै घटना न त कोही कसैले चाहेर भएका थिए न त कसैका वशभित्रका थिए । केबल ईश्वरकै इच्छा र नियन्त्रणमा घटेको देखिन्छ । यस्तो घटना भोगेकी स्वयं योजनगन्धाले "नियतिले ममाथि पटक पटक अनेक परीक्षा लियोआखिर सबै भाग्यकै अकाट्य खेल रहेछ मानिसको वशमा त केही नहुँदोरहेछ" (पृ.३०८) भन्नुले पनि यी सारा घटना केबल नियतिकै अकाट्य खेल थिए भन्ने देखिन्छ । उपर्युक्त घटनासन्दर्भहरू हुनेहुनामी भएरै छाड्छ, विधिको विधान प्रारब्ध या नियतिलाई कोही कसैले टार्न, सार्न र पन्छाउन सकिँदैन (पंज्ञानी, २०७४, पृ. ४९, चालिसे, २०७५, पृ. १४६) भन्ने नियतिवादी मान्यन्यतामै आधारित देखिन्छन् ।

यसरी उपन्यासका प्रमुख घटनाक्रम हेर्दा तिनमा नियतिवादी मान्यताको प्रयोग प्रभाव स्पष्ट देखिएको छ । उपन्यासका कुनै पनि पात्रहरूको जीवन उनीहरूले हिँडाउन र बनाउन खोजेजस्तो कहिल्यै भएको छैन । उनीहरू कसैको जीवन आफ्नो वशमा छैन । सबैले जीवन त नियतिकै खटन र कठघरामा रहेको स्वीकारेका छन् । यिनीहरूको कुनै दोष र गल्ती नै नभइकन पनि नियतिले उनीहरूलाई कठोर सजाय दिएको छ । उपन्यासकी प्रमुख पात्र योजनगन्धाले त पृ. १०१, पृ.१०५, पृ.१३४, पृ.१३५, पृ.१७७, पृ.१९१, पृ.२६२, पृ.३०८, पृ.३०९, पृ.३१९, पृ.३८२, पृ.४२२ मा आफ्नो जीवनमा प्रारब्ध वा नियतिले खेलेका खेल र तिनबाट आफू पटक पटक शिकार हुनुपरेको सघन अनुभूतिलाई व्यक्त गरेकी छन् । उपन्यासको अर्को महत्त्वपूर्ण पात्र भीष्मले पनि "मानिसले जो सुख वा दुःख पाउँछ त्यो प्रारब्धद्वारा नै पाउँछ, आफ्नो शक्तिले होइन । त्यसैले प्रारब्धलाई नै बलवान् मानेर मनुष्यले कुनै प्रकारको शोक नगरोस् । जीवन नियतिकै खटनमा हिँडेको छ, यसलाई कोही कसैले रोक्न नसक्ने हुँदा प्रारब्धकै विधानमा विश्वाश गर्नु नै उत्तम उपाय छ" (पृ.४०२) ।

भन्नुले प्रारब्ध वा नियति शाश्वत सत्य हो र मानिस नियतिकै कठोर पञ्जामा बस्न बाध्य छ भन्ने प्रस्ट हुन्छ । अतः यस उपन्यासभित्र रहेका घटनाक्रममा देखिएका नियतिवादी मान्यता अनुकूलका सन्दर्भहरूले योजनगन्धा उपन्यासमा नियतिवादको प्रयोग प्रभाव बलियोसँग देखापरेको सिद्ध हुन्छ । स्वयं उपन्यासकारले पनि आफूले यस उपन्यासमा मानिसको वश र नियन्त्रणमा केही छैन । ईश्वरीय शक्तिका अगाडि मानिस निरीह छ । नियतिका सामु कोही कसैको केही लाग्दैन भन्ने सत्य प्रस्तुत गर्न खोजेको छु (धिताल, २०५२, प्रस्तावना) भन्नुले पनि यस उपन्यासमा नियतिवादी चिन्तनको सघन प्रयोग प्रभाव रहेको आफैमा प्रमाणित हुन्छ ।

## निष्कर्ष

साहित्यिक कृति विश्लेषणका विभिन्न आधारमध्ये नियतिवाद पनि एक हो । साहित्यिक कृतिहरूमा नियतिवादी चिन्तनको प्रयोग देखिँदै आएको पाइन्छ । योजनगन्धा उपन्यासमा पनि नियतिवादी मान्यता अनुकूलका सन्दर्भहरू देखा परेका छन् । इश्वरलाई नै सर्वोच्च मान्नु, कर्मअनुसारको फल प्राप्ति हुने विश्वास गर्नु, गल्ती र दोष नभएपनि नियतिको शिकार हुन नसकिने ठान्नु, मानिसको समूल जीवन नियतिनिर्देशित छ भन्ने मान्नु र नियति या भाग्यलाई टार्न सार्न नसकिने अकाट्य ठान्नु नियतिवादका खास मान्यताहरू हुन् । उपन्यासमा यी मान्यता अनुकूलका घटनासन्दर्भहरू प्रशस्त देखिएका छन् । उपन्यासका पात्रहरूको जीवनमा घटेका घटनाहरू न उनीहरूको इच्छा रचाहनाले घटेको देखिन्छ न त ती सबै घटना सम्बन्धित पात्रको वश वा नियन्त्रणमा रहेको नै देखिन्छ । ती त सबै ईश्वरीय शक्तिको नियन्त्रणमा देखिन्छन् । कतिपय पात्रहरूले आआफ्ना कर्मअनुसारको फल प्राप्त गरेका छन् । सुकर्म गर्नेले राम्रो फल र कुकर्म गर्नेले विपरीत परिणाम भोगेका छन् । कतिपय अवस्थामा ती पात्रहरूले आफ्नो गल्ती र कमजोरी नहुँदा नहुँदै पनि नियतिले उनीहरूलाई सजायको भागी बनाएको छ । कोही पनि नियतिको कठोर पञ्जाबाट उम्कन सकेका छैनन् । अन्त्यमा सबैले जीवन आफ्नो वशमा रहेनछ । नियति या विधिको विधानलाई कसै गरी टार्न सकिँदो रहेनछ, जीवन नियतिकै खटनमा चल्दोरहेछ भन्ने बोध गर्दै प्रारब्धलाई स्वीकार गरेका छन् । यसर्थ योजनगन्धा उपन्यासको कथानकीय घटनाक्रम र पात्रहरूको जीवनभोगाइ अध्ययन गर्दा यस उपन्यासमा नियतिवादी मान्यताको प्रयोग प्रभाव सघन र अर्थपूर्ण रूपमा देखा परेको तथ्य प्रस्ट हुन्छ ।

## सन्दर्भसामग्री सूची

ऐटम, नेत्र (२०७४), *सङ्क्षिप्त साहित्यिक शब्दकोश,* नेपाल प्रज्ञा प्रतिष्ठान ।

कोइराला, विश्वेश्वरप्रसाद (२०४०), मलाई जति परेसानी परे पनि पराजयको अनुभव कहिल्यै भएन, *बरगाछी, वी.पी. कोइराला स्मृति अङ्क,* वर्ष १४, पूर्णाङ्क ८, गुराँस पुस्तकालय, पृ. ३१-३७ ।

घर्ती, दुर्गाबहादुर (२०६७), *मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्र विधान,* साझा प्रकाशन ।

चालिसे, नारायण (२०७५), *कृति विश्लेषणका पौरस्त्य दार्शनिक मानदण्डहरू,* नेपाल प्रज्ञा प्रतिष्ठान ।

जोशी, कुमारबहादुर (२०६६), *पाश्चात्य साहित्यका प्रमुख वाद* (पाँचौं संस्क.), साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०५८), पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा– भाग २ (पाँचौँ संस्क.), साझा प्रकाशन ।

धिताल, विनोदप्रसाद (२०६३), *योजनगन्धा* (दोस्रो संस्क.), साझा प्रकाशन ।

पौड्याल, षडानन्द (२०७६), *नेपाली साहित्यको आलोक,* गुप्तेश्वर बहुउद्देश्यीय पुस्तकालय ।

पौडेल, विष्णुप्रसाद (२०७३), विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूको अनुशीलन, *पृथ्वीवाङ्मय,* नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस पोखरा, वर्ष १६, अङ्क ९, पृ. १–२७ ।

प्रधान, कृष्णचन्द्रसिँह (२०७५), आधुनिक नेपाली उपन्यास,*समसामयिक नेपाली समालोचना,* सम्पादक, राजेन्द्र सुवेदी, शब्दार्थ प्रकाशन, पृ. २१६–२२१ ।

प्रभात, विष्णु (२०७०), *प्रज्ञा दर्शन कोश,* (प्रधान सम्पा.), नेपाल प्रज्ञा प्रतिष्ठान ।

पंज्ञानी, प्रमोद (२०७४), बाबु आमा र छोरा उपन्यासमा नियतिवाद, *रजस्थल,* वर्ष २१, पूर्णाङ्क ७०, स्याङ्जा साहित्य प्रतिष्ठान ।

बराल कृष्णहरि र नेत्र एटम (२०६६),*उपन्यास सिद्धान्त र नेपाली उपन्यास* (तेस्रो संस्क.), साझा प्रकाशन ।

बर्मा, धिरेन्द्र र अन्य (सन् १९८५), *हिन्दी साहित्य कोश,* (तेस्रो संस्क.), ज्ञानमण्डल प्रकाशन ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६९), *नेपाली उपन्यासको इतिहास,* नेपाल प्रज्ञा प्रतिष्ठान ।

शर्मा, हरिप्रसाद (२०५१), "वी पी कोइरालाका उपन्यासमा मानव नियति र अस्तित्वको द्वन्द्व", *गरिमा,* वर्ष १२, अङ्क ५, साझा प्रकाशन, पृ. १३१–१४१ ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा (२०५६), *नेपाली साहित्यको संक्षिप्त इतिहास* (पाँचौं संस्क.), साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०६४), *नेपाली उपन्यास : परम्परा र प्रवृत्ति* (दोस्रो संस्क.), साझा प्रकाशन ।